
# लेखापरीक्षण प्रतिवेदन

# काइके गाउँपालिका, डोल्पा

आर्थिक वर्ष २०८०/८१




## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

# काइके गाउँपालिका, डोल्पा

आर्थिक वर्ष २०८०/८१

## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि
(VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था**

*(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य
(MISSION)

**राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता
(CORE VALUES)

| | |
|---|---|
| ***स्वतन्त्रता*** | *(Independence)* |
| ***निष्ठा*** | *(Integrity)* |
| ***पारदर्शिता*** | *(Transparency)* |
| ***जवाफदेहिता*** | *(Accountability)* |
| ***व्यावसायिकता*** | *(Professionalism)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८०।८१ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)

२०८२ वैशाख

महालेखापरीक्षक

**महालेखापरीक्षकको कार्यालय**
**Office of the Auditor General**
**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, कर्णाली प्रदेश**
**काठमाडौं**

प.सं.:2081/82 मिति : २०८२-२-९

च.न.:FAR/2080-81/LOC/548

**विषयः** लेखापरीक्षण प्रतिवेदन।

श्री अध्यक्षज्यू,
काइके गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
डोल्पा ।

## कैफियत सहितको राय

हामीले काइके गाउँपालिका, डोल्पाको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरु समावेश भएको वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौँ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणी समावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान नगदमा आधारित र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लगायत सम्वन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

## कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। पालिकाले पेश गरेको प्राप्ती र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प. फा. नं. २७०) मा अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त भएको सामाजिक सुरक्षा तथा संरक्षणको रु. २ करोड ४६ लाख ७ हजार र एकिकृत स्वास्थ्य कार्यक्रमको रु. ३ लाख समेत रु.२ करोड ४९ लाख ७ हजार समावेश गरेको छैन।

२. पालिकाको रु.६५ करोड ८१ लाख ६५ हजारको लेखापरीक्षण गरिएकोमा रू. १ करोड ९ लाख ३० हजार बेरुजू देखिएको छ। सो सम्बन्धमा प्रतिक्रिया प्राप्त नभएकोले बाँकी बेरुजु मध्ये असुल गर्नुपर्ने रू. ३५ लाख ८५ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. २४ लाख ६१ हजार, नियमित गर्नुपर्ने रु. ३६ लाख ८४ हजार र पेस्की बाँकी रु. १२ लाख रहेको छ। गत वर्षसम्म रु. ७ करोड ८३ लाख १५ हजार बेरुजू बाँकी रहेकोमा सम्परीक्षणबाट रु.६ लाख ६ हजार फस्र्योट र रु. २२ हजार बेरुजु थप भई रु. ७ करोड ७७ लाख ३१ हजार बाँकी रहेकोमा यस वर्षको रु. १ करोड ९ लाख ३० हजार थप हुँदा हालसम्मको अद्यावधिक बेरुजू रु. ८ करोड ८६ लाख ६१ हजार रहेको छ।बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

३. गाउँपालिकाले वित्तीय विवरण नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा तयार गरेकोमा सबै लेखा टिप्पणीहरु र सम्पत्ती तथा राजश्व लगायतका विवरणहरु खुलासा गरेको छैन।

लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। एकीकृत वित्तीय विवरण तयार गर्ने काइके गाउँपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि स्वीकृत आचारसंहिताअनुसार हामीले काम गरेका छौँ। लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा विश्वस्त छौं।

**अन्य बेहोरा**

यो काइके गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, लक्ष्यअनुसार असुली नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा असर परेको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका बेहोरा यस लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।

**वित्तीय विवरण उपर व्यवस्थापन को जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ । त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागु भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी काइके गाउँपालिका व्यवस्थापनमा रहेको छ। गाउँ कार्यपालिका, पालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय विवरण समग्रमा जालसाजी वा त्रुटीका कारण सारभूत रूपमा गलत आँकडारहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय

जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटी पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटीका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

( राम प्रकाश महतो )

नायब महालेखापरीक्षक

# बेरुजु वर्गीकरण

### चालु आर्थिक वर्षको

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्यौंट | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ५३ | ३९ | १,०९,२९,८१३ | ० | ० | ० | ० | ५३ | ३९ | १,०९,२९,८१३ | ३५,८५,०७६ | ३६,८३,९५२ | २४,६०,७८५ | ० | ० | ६१,४४,७३७ | १२,००,००० |

### अद्यावधिक बेरुजू स्थिति

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| डोल्पा | ७,८३,१५,००० | ० | ६,०५,९८६ | ७,७७,०९,०१४ | २२,००० | १,०९,२९,८१३ | ८,८६,६०,८२७ |

### बेरुजु सम्परीक्षणको विवरण

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०७९/८० | विभिन्न | सामाजिक सुरक्षा तर्फ | ४,०६,०४१ |
| २ | २०७९/८० | विभिन्न | भ्रमण भत्ता | ६७,००० |
| ३ | २०७९/८० | विभिन्न | स्थानीय संचित कोष | १,१०,५५५ |
| ४ | २०७५/७६ | ३७ | पारिश्रमिक कर | २२,३९० |
| | | | **जम्मा** | **६,०५,९८६** |

# (८०६६१५०१३०० - काइके गाउँपालिका, डोल्पा )

# परिचय

१ **परिचय**

**(क) कार्यालय परिचय :-** संघ, प्रदेश एवं स्थानीय तहमै उपलव्ध हुने स्रोत साधनको अधिकतम उपयोग गरी योजनावद्ध सहभागितामूलक कार्यक्रमको माध्यमबाट स्थानीय जनतालाइ प्रत्यक्ष लाभ पुग्ने गरी सामाजिक, आर्थिक तथा भौतिक क्रियाकलापहरु संचालन गर्नु गाउँपालिकाको मुख्य उद्वेश्य छ ।अन्य उदेश्यहरुमा आय वृद्धि र उपभोग व्यवस्थापनबाट सबै क्षेत्रमा बचत गर्ने क्षमतामा अभिवृद्धि गर्नु, ज्येष्ठ नागरिकहरुको सम्मानजनक जीवनयापनका लागि आवश्यक सेवा सुविधा विस्तार गर्नु, ज्येष्ठ नागरिकप्रति परिवार, समुदाय र राज्यको दायित्वबोध गराउनु, स्थानीय स्वायत्त शासन तथा सहभागितामूलक पद्धतिका माध्यमबाट जनतालाई आधारभूत सेवा सुविधा उपलव्ध गराउनु ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८०/८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०/८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८१ ।५।१२ देखि २०८१।५।१५ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** पालिकाको आय - व्यय तर्फ रु.65 करोड ८१ लाख ६५ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ। उक्त रकमको विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(ज) लेखापरीक्षणको क्रममा असुली :-** लेखापरीक्षणको क्रममा निम्नानुसारको रु.२,२९,६१३।७१ असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

| वापत | रकम | मिति | दाखिला भएको बैङ्क |
|---|---|---|---|
| पारिश्रमिक कर | ६६५४ | २०८१।५।१८ | नेपाल बैक लिमिटेड |
| पारिश्रमिक कर | ९५८५ | २०८१।५।१८ | नेपाल बैक लिमिटेड |
| भत्ता बढी भुक्तानी | ३००० | २०८१।५।१८ | नेपाल बैक लिमिटेड |
| भत्ता बढी भुक्तानी | ५००० | २०८१।५।१८ | नेपाल बैक लिमिटेड |
| यातायात खर्च बढी | ३४००० | २०८१।५।१८ | नेपाल बैंक लिमिटेड |
| दोहोरो बैठक भत्ता | १९१२५ | २०८१।५।२७ | अनलाईन (स्थानीय सञ्चित कोष) |
| पारिश्रमिक कर | ९८०० | २०८१।५।२७ | अनलाइन (बेरुजु खाता) |
| अग्रिम कर | २९५०० | २०८१।५।२७ | अनलाइन (बेरुजु खाता) |
| पारिश्रमिक कर | १६२०० | २०८१।५।२७ | अनलाइन (बेरुजु खाता) |
| पारिश्रमिक कर | १०८७५ | २०८१।५।२७ | अनलाइन (बेरुजु खाता) |
| दोहोरो बैठक भत्ता | ५१०० | २०८१।५।२७ | अनलाईन (स्थानीय सञ्चित कोष) |
| दोहोरो बैठक भत्ता | ६३७५ | २०८१।५।२७ | अनलाईन (स्थानीय सञ्चित कोष) |
| दिवा खाजा बढी भुक्तानी | ४६०२० | २०८१।५।१६,१८,२८ | अनलाइन, नेपाल बैंक |
| सामाजिक सुरक्षा भत्ता | २८३७९।७१ | २०८१।५।२८ | नेपाल बैंक लिमिटेड |
| जम्मा | २२९६१३।७१ | | |

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **स्थानीय सञ्चित कोष**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ६९ र ७२ बमोजिम यस पालिकाले वित्तिय हस्तान्तरणबाट प्राप्त अनुदान तथा सहायता, आन्तरिक आम्दानी र स्थानीय सरकारबाट सञ्चालन भएका आयोजनाहरुको आयव्यय हिसाबको आर्थिक वर्ष २०८०।८१ समग्र सञ्चित कोषको संक्षिप्त अवस्था निम्नबमोजिम रहेको छः

| प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय) आ.व. : २०८०/८१ (मलेपफानं २७०) | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| क्र.स./ आर्थिक सङ्केत | विवरण | टिप्पणी नं | चालु आ.ब.को कारोबार | | | गत आ.ब. को कारोबार | | |
| | | | नगद | तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी) | जम्मा | नगद | तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी) | जम्मा |
| | राजस्व, अनुदान र अन्य प्राप्ति | | | | | | | |
| ११००० | कर | | ४१६०७७२७.६८ | ० | ४१६०७७२७.६८ | ४३१०६१७६.६७ | ० | ४३१०६१७६.६७ |
| १३००० | अनुदान | | २४८००४११५.३७ | ० | २४८००४११५.३७ | १९७८१८१३३. | ० | १९७८१८१३३. |
| १४००० | अन्य राजस्व | | ५५८७८७.८८ | ० | ५५८७८७.८८ | ७९,३३६.७२ | ० | ७९,३३६.७२ |
| १५००० | विविध प्राप्ति | | ७०७८७५. | ० | ७०७८७५. | ० | ० | ० |
| क | कुल जम्मा प्राप्ति | | २९०८७८५०५.९३ | | २९०८७८५०५.९३ | २४१००३६४६.३९ | | २४१००३६४६.३९ |
| ३ | चालु | | १३५८२००५४.८५ | ० | १३५८२००५४.८५ | १३३११५८८५. | ० | १३३११५८८५. |
| २१००० | पारिश्रमिक / सुविधा | | ६४८११८२४.३३ | ० | ६४८११८२४.३३ | ७०२३२७२३. | ० | ७०२३२७२३. |
| २२००० | मालसामान तथा सेवाको उपयोग | | ५९५७६६९२.५२ | ० | ५९५७६६९२.५२ | ४९११४३३४. | ० | ४९११४३३४. |
| २५००० | सहायता (Subsidy) | | ८६५०९५८. | ० | ८६५०९५८. | १३२५७९०८. | ० | १३२५७९०८. |
| २६००० | अनुदान | | १९१३४००. | ० | १९१३४००. | ० | ० | ० |
| २८००० | अन्य खर्च | | ८६७१८०. | ० | ८६७१८०. | ५१०९२०. | ० | ५१०९२०. |
| ४ | पूंजीगत | | १६४६८२२९६.० | ० | १६४६८२२९६. | ११०५९३४७१. | ० | ११०५९३४७१. |
| ३१११० | भवन तथा संरचना | | २७९८५६९८.० | ० | २७९८५६९८. | ७१०९०००. | ० | ७१०९०००. |
| ३११२० | सवारी साधन, मेशिनरी औजार, फर्निचर्स | | १७७५०००.० | ० | १७७५०००. | १५६६५६५. | ० | १५६६५६५. |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | तथा फिक्चर्स | | | | | | | |
| ३११३० | अन्य पूँजीगत खर्च | | ४२०८०००.० | ० | ४२०८०००. | ३१०००००. | ० | ३१०००००. |
| ३११५० | सार्वजनिक निर्माण | | १३०७१३५९८.०० | ० | १३०७१३५९८. | ९८८१७९०६. | ० | ९८८१७९०६. |
| ख) | कुल जम्मा भुक्तानी | | ३००५०२३५०.८५ | | ३००५०२३५०.८५ | २४३७०९३५६. | | २४३७०९३५६. |
| ग) | बचत /कमी (ग = क-ख ) | | -९६२३८४४.९२ | | -९६२३८४४.९२ | -२७०५७०९.६१ | | -२७०५७०९.६१ |
| घ) | धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/घट (+/-) | | १२६०५२४.७८ | | १२६०५२४.७८ | १६०११६४. | | १६०११६४. |
| घ.१) | कट्टी रकम भुक्तानी/ दाखिला गर्न बाकी | | ३,०८४.०० | | ३,०८४.०० | | | |
| ङ) | यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) ( ङ = ग+घ) | | -८३६३३२०.१४ | | -८३६३३२०.१४ | -११०४५४५.६१ | | -११०४५४५.६१ |
| च) | गत आ.व.को नगद तथा बैंक मौज्दात | | १७५१३९०१.०२ | | १७५१३९०१.०२ | १८६१८४४६.६३ | | १८६१८४४६.६३ |
| छ) | विनिमय नाफा/घाटा तथा अन्य समायोजन | | | | | | | |
| ज) | आ.व. | | ९१५०५८०.८८ | | ९१५०५८०.८८ | १७५१३९०१.०२ | | १७५१३९०१.०२ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | अन्तको बाँकी नगद तथा बैंक मौज्दात ( ज= ङ+च+छ) | | | | | | | |

## ३ वित्तीय प्रतिवेदन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) सम्बन्धमा निम्नअनुसार देखिएको छः

३.१ **वित्तीय विवरणको यथार्थता** -पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्छ । पालिकाले संघिय सरकारको सामाजिक सुरक्षा तथा संरक्षणको रु.२ करोड ४६ लाख ७ हजार र एकिकृत स्वास्थ्य कार्यक्रमको ३ लाख समेत रु.२ करोड ४९ लाख ७ हजार सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

३.२ **बैङ्क हिसाब विवरण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ । पालिकाको वर्षान्तमा स्रेस्ता र बैङ्क मौज्दात देहायअनुसार छ:

| खाता | स्रेस्ताअनुसार मौज्दात रु. | बैङ्क स्टेटमेन्टअनुसार वर्षान्तको मौज्दात रु. | फरक रु. |
|---|---|---|---|
| स्थानीय तह सञ्चित कोष खाता (ग ४.१) | ५१,७०,३६९।० | ५१,७०,३६९।० | ० |
| चालु खर्च खाता (ग २.१) | ३,०८४।० | ० | ३,०८४।० |
| पूँजीगत खर्च खाता (ग २.३) | ० | ० | ० |
| विविध खर्च खाता (ग २.७) | १,८३,५४७।० | १,८३,५४७।० | ० |
| धरौटी(ग ३.१) | ३४,५६,९३१।३० | ३४,५६,९३१।३० | ० |
| स्थानीय तह विविध कोष खाता (ग ५.१) | ३,३५,७५८।० | ३,३५,७५८।० | ० |
| | ९१,५०,५८०।८८ | ९१,४७,४९६।८८ | ३,०८४।० |
| जम्मा | | | ३,०८४।० |

पालिकाले म.ले.प.फा. नं. २१२ तयार गरी स्रेस्ता र बैंकबीच हिसाव मिलान गर्नुपर्नेमा सो गरेको पाइएन । उल्लिखित विवरण अनुसार स्रेस्ता भन्दा बैंकमा न्यून देखिएको रु.३,०८४।० सम्वन्धमा हिसाव मिलान गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३,०८४ |

३.३ **सञ्चित कोषमा जम्मा (ट्रान्सफर)** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४५ तथा कर्णाली प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५ को दफा ३४ अनुसार सञ्चित कोषबाट स्थानीय तहमा भएको वित्तीय हस्तान्तरणको रकममध्ये

सम्बन्धित आर्थिक वर्षभित्र खर्च नभई बाँकी रहेको शसर्त, विशेष र समपूरक अनुदान स्थानीय तहले सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ । आर्थिक वर्ष समाप्त पश्चात पालिकाले संघिय शसर्त अनुदान रु.५७,६०,५३९।० र प्रदेश सशर्त अनुदान रु.९,०८,९४५।० समेत गरी जम्मा रु.६६,६९,४८४।६३ संघिय तथा प्रदेश सञ्चित कोषमा फिर्ता गरेको छ ।

४ **बजेट सीमा निर्धारण समिति :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

५ **बजेट तथा कार्यक्रम तर्जुमा :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

६ **बजेट पेश, पारित र अख्तियारीः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उपाध्यक्षले मिति २०८०।३।१० मा रु.३२ करोड ७१ लाख ३७ हजारको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट २०८०।३।१२ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०८०।४।४ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।आर्थिक वर्ष भित्र सम्पन्न गरिसक्ने गरी बजेट, कार्यक्रम र योजना व्यवस्थापन गर्नु पर्दछ ।

७ **बजेट अवण्डाः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ। यस पालिकाले यो वर्ष गत वर्षको जिम्मेवारी सारेको रकम मध्ये बाट निर्णय अनुसार बाँडफाँड गर्ने रकम रु.१ करोड ४७ लाख ९२ हजार अबण्डा बजेट व्यवस्था गरी पुँजिगत तर्फ ११ योजनामा रु.७९ लाख खर्च गरेको छ। बजेट अबण्डामा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने गरेको देखिन्छ । जसले गर्दा वित्तीय अनुशासन र पारदर्शिता कायम भएको छैन । तसर्थ बजेट खर्चलाई पारदर्शिता र पद्धतिमा आधारित बनाउनुपर्दछ ।

अवण्डा बजेटबाट पालिकाले समय समयमा छुट्टै निर्णय गरी कार्यान्वयन गरेका केही योजनाका उदाहारण देहाय अनुसार छन्:

| क्र सं | योजनाको नाम | बजेट / खर्च (रु.हजारमा) |
|---|---|---|
| १ | छुदा खोला देखि रुम्बो सम्म घो.बा. निर्माण | ९४५ |
| २ | शहरतारा देखि लिजा सम्म घो.बा. निर्माण | ५०० |

## ८ आवधिक योजना

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नेमा यस पालिकाले आवधिक योजना तयार गरेको छैन । आवधिक योजना नहुँदा पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालवसाली विषयहरुलाई समावेश गरेको देखिन्छ । स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जुमा गरी कार्यान्वियन गर्नुपर्दछ ।

## ९ आन्तरिक आय

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । यस सम्वन्धमा देखिएका व्यहोरा देहायानुसार छन्:

९.१ पालिकाले आर्थिक वर्ष २०८०।८१ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| केन्द्रीय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| १६,०२,२० | ५९७ | ०.३७ |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ०.३७ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

९.२ **कर तथा शुल्क असुलीः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । पालिकाले ती आय शीर्षकमध्ये घरजग्गा बहाल कर रु.४ लाख ५६ हजार असुली तथा दाखिला गरेको छ । पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ।

९.३ **आय ठेक्काः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ९ मा वित्तीय अधिकार क्षेत्र अन्तर्गत विभिन्न कर तथा शुल्क लगाउने र आय ठेक्का बापत बक्यौता रकम समेत असुली गर्ने व्यवस्था छ । पालिकाले आय ठेक्का नलगाएको तथा अन्य कर दस्तुर समेतको उठ्न बाँकी रहेको रकमको आयगत लगत समेत तयार गरेको छैन । जसबाट उठ्नुपर्ने राजस्वको समष्टिगत लगत तयार गरी वास्तविक प्राप्तीको अभिलेख तयार गर्नुपर्ने र सोही अनुसार आयको लेखाङ्कन गरी उल्लिखित रकम सम्झौता अनुसारको व्याज तथा हर्जना समेत यकिन गरी असुल गर्नुपर्दछ ।

९.४ **राजश्व अभिलेखः** कार्यालयले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । पालिकाबाट रसिद ठेलिहरु छपाई गरेर वडा कार्यालयमा पठाउने गरेकोमा सोको पुरा अभिलेख पालिकामा आएको देखिएन । अधिल्लो आ.व.को बाँकी के कति छन एकिन गर्न सकिएन । कार्यालयबाट सवै वडाहरुमा पनि स्वचालित प्रणालि जडान गरी राजस्व सङ्कलन गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ । यसले गर्दा व्यक्तिहरुले छुट्टै रसिद छपाउने जोखिम विद्यमान रहन्छ । यसको सम्बन्धमा तहाँ कार्यालयबाटै छानविन गर्नुपर्दछ । अतः कार्यलयले आगामी दिनमा रसिद नियन्त्रण तथा राजश्व असूलीलाई स्वचालित प्रणाली मार्फत व्यवस्थापन सम्बन्धमा विशेष ध्यान पुर्‍याउनुपर्ने देखियो ।

९.५ **राजस्व असुलीः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा २७ मा प्रचलित कानुनबमोजिम नेपाल सरकारलाई प्राप्त हुने राजस्व तथा अन्य सरकारी रकम कार्यालयमा प्राप्त भएपछि सोही दिन तथा सोही दिन सम्भव नभए सोको भोलिपल्ट प्रचलित ढाँचामा लेखा राखी बैङ्क दाखिला गर्नुपर्ने व्यवस्था छ। पालिकाभित्रका ७ वडाहरुबाट राजस्व आम्दानी तथा दाखिलाको विवरण पेश नभएकोले रसिद नियन्त्रण खाता राखी वडागत आम्दानी तथा दाखिला विविरण अद्यावधिक गर्नुपर्दछ ।

९.६ **व्यवसाय करः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत कर सङ्कलन गरेको छैन । साथै पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख राखेको छैन । पालिकाले आफ्नो क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।

## १० आय अनुमान

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु.८,०५,०००।० प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०८०।८१ मा रु.१२,९७,०००।० (बेरुजु दाखिला ७ लाख समेत)अर्थात अनुमानको १६१.११ प्रतिशत आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन वृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

## ११ योजना प्राथमिकीकरण

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०८०।८१ मा निम्नानुसार ७ वडाको लागि वडागत र पालिकास्तरका कुल २९ योजनामा वजेट विनियोजन गरेको छ।

| क्र. सं. | कार्यक्रमको नाम | योजना सङ्ख्या | रु.२० लाखमाथिका योजना सङ्ख्या | रु.५ लाखदेखि २० लाख सम्मका योजना सङ्ख्या | रु.५लाखभन्दा कमका योजना सङ्ख्या |
|---|---|---|---|---|---|
| १ | पालिकास्तरीय | ४ | ४ | ० | ० |
| २ | वडास्तरीय | २५ | ७ | १६ | २ |
| | जम्मा | २९ | ११ | १६ | २ |

उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ ।त्यसैगरी यो वर्ष सभाले पारित गरेका उल्लेखित योजना ४ योजना अधुरा रहेका छन् । तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

## १२ लक्ष्य प्रगति

कार्यालोलयले त्रैमासिक तथा वार्षिक प्रगति विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रीय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा वार्षिक प्रगति तयार नगर्ने जिम्मेवार पदाधिकारीला ाइ जिम्मेवार बनाउनु पर्दछ ।

## १३ क्षेत्रगत बजेट र खर्चको स्थितिः

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८०।८१ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

(रु.हजारमा)

| क्र.स | क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | ३२५८३ | ३००७३ | ९२.३ |
| २ | पूर्वाधार विकास | १३९७६५ | १३७३९६ | ९८.३१ |
| ३ | सामाजिक विकास | ९०१२८ | ८२९१७ | ९२. |
| ४ | संस्थागत विकास, सेवा प्रवाह र सुशासन | ११५८ | ११४९ | ९९.२२ |
| ५ | अन्य कार्यालय सञ्चालन तथा प्रशासनिक | ६००६९ | ४८९६५ | ८१.५१ |
| जम्मा | | ३२३७०३ | ३००५०० | ९२.८३ |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये संस्थागत विकास, सेवा प्रवाह र सुशासनमा सबैभन्दा बढी ९९.२२ प्रतिशत र अन्य कार्यालय सञ्चालन तथा प्रशासनिकमा सबै भन्दा घटी ८१.५१ प्रतिशत रहेको छ ।

### १४ वार्षिक खरिद योजना/गुरुयोजना

सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु.१६ करोड ४६ लाख ८२ हजार पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना बनाई खरिद कार्य नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

### १५ आन्तरिक लेखापरीक्षण

स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको आधारमा प्रत्येक त्रैमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । तर पालिकाले यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण आर्थिक वर्ष व्यतित भएपछि गरी २०८१।०४।१५ मा प्रतिवेदन दिएको छ । तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ ।

### १६ प्रशासकिय भवन

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली अनुसार घर जग्गा तथा सम्पत्तिको लगत राख्नुपर्ने, सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८.२ अनुसार मितव्ययी तरिकाले खर्च गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाको काइके स्थित कार्यालयको बार्षिक १ लाख ८० हजार र दुनै स्थित कार्यालयको रु.६ लाख ८७ हजार समेत रु.८ लाख ६७ हजार (वार्ड नं.२,३ र ४ को समेत) भाडामा खर्च भएकोले पालिकाले प्रशासकिय भवनको डि.पि.आर समेत पेश भएको अवस्थामा भवन निर्माण गरी मितव्ययी किसिमले कार्यसञ्चालन गर्नुपर्दछ ।

### १७ आन्तरिक नियन्त्रण प्रणाली

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । पालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था छैन । यस सम्बन्धमा देखिएका केही व्यहोराहरु देहायबमोजिम रहेका छन:

- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगाबै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन। जिल्ला दररेट लाई नै आधार लिई कार्य गर्ने गराउने निर्णय गरेको पाईयो ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली वनाएको पाईएन ।
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।
- संस्था दर्ता ऐन, २०३४ दफा ३ पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गर्ने कार्यलाई पूर्ण रुपमा कार्यान्वियन गरेको छैन ।
- मुल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्बन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिएको तथा इ टीडिएस गरेको पाइएन।
- निजामती सेवा ऐन, २०४९ को दफा ५क वमोजिम कर्मचारीहरुको कार्य विवरण वनाई लागू गरेको पाईएन ।
- स्थानिय तहले आफ्नो क्षेत्रमा कार्यान्वियन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजना बैंक खडा गरेको देखिएन ।
- वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन ।
- ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।
- स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।

तसर्थ आन्तरिक नियन्त्रण प्रणाली तयार गरी पालिकाको कार्य सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउनुपर्दछ ।

### १८ स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नुपर्दछ ।

### १९ कानून र सञ्चालन स्थिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म ५ वटा ऐन, ३ वटा नियमावली, १२ कार्यविधि लगायत २० वटा कानुन निर्माण गरी कार्यान्यिनमा ल्याएको छ ।

### २० न्यायिक समिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । पालिकामा गत वर्षमा फस्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी विवाद नरहेको तथा यो वर्ष थप विवाद दर्ता भएको देखिएन ।

### २१ सार्वजनिक परीक्षण

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य सबै कार्यक्रममा भएको पाइएन । तोकिए बमोजिम सार्वजनिक परीक्षण गरी पालिकाबाट हुने आर्थिक कारोबारमा जवाफदेहिता र पारदर्शिताको प्रवर्द्धन गर्नु पर्दछ।

२२ **सहकारी नियमन**

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र ६ वटा सहकारी संस्था रहेको छ । पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरेको पाइएन । त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन । उपलब्ध विवरण अनुसार बचत संकलनको अवस्थाको बारेमा समेत विवरण प्राप्त गर्न बाँकी भनी उल्लेख गरेको छ । जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन । तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ ।

२३ **आर्थिक सहायता**

पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। पालिकाले मापदण्ड र कार्यविधि तयार नगरी विविध खर्चबाट रु.२७ लाख ६० हजार विभिन्न संघसंस्था र व्यक्तिहरुलाई आर्थिक सहायता वितरण गरेको छ । निश्चित विधि र मापदण्ड वेगर आर्थिक सहायता वितरण गर्ने प्रक्रियामा नियन्त्रण हुनु पर्दछ ।

२४ **प्रधानमन्त्री रोजगार कार्यक्रम**

स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्वेश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ । यस कार्यक्रम अन्तर्गत पालिका अन्तर्गत ७ वडामा ७ योजना सञ्चालन गरी यस वर्ष ९८ जनालाई औसत ८१ दिनले ८०१५ दिन रोजगारी उपलव्ध गराई रु.६१ लाख ५३ हजार श्रमिक ज्याला खर्च गरेको छ । पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन । योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन । तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ ।

२५ **खर्च बिश्लेषण**

पालिकाले यसवर्ष कुल आन्तिरिक आयबाट रु. ५ लाख ९७ हजार राजस्व बाँडफाँड र अनुदानबाट रु २९ करोड २ लाख ८१ हजार समेत रु. २९ करोड ८ लाख ७८ हजार आम्दानी भएकोमा चालु तर्फ रु.१३ करोड ५८ लाख २० हजार र पूँजिगत तर्फ रु.१६ करोड ४३ लाख ८२ हजार समेत रु.३० करोड ५ लाख २ हजार खर्च (गत आवको जिम्मेवारीबाट समेत)भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ०.१९ प्रतिशत रहेको छ । यस वर्ष पदाधिकारी सुबिधामा रु.४७ लाख १० हजार खर्च भएको छ जुन आन्तरिक आयको ७८९ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ४५ प्रतिशत चालु र ५५ प्रतिशतमात्र पूँजीगत निर्माणमा खर्च भएको देखिन्छ । पालिकाले प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

२६ **पूँजीगत खर्चको स्थिती**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार पूँजीगत

खर्चको स्थिति देहाय बमोजिम छ ।

(रु.हजारमा)

| बजेट उपशिर्षक | कुल खर्च | | त्रैमासिक खर्च | | | आषाढ महिनाको खर्च |
|---|---|---|---|---|---|---|
| | | प्रथम | दोस्रो | तेश्रो | चौथो | |
| पूँजीगत खर्चतर्फ | १६४६८२ | ० | ० | ४०८९४ | १२३७८८ | ८९१५५ |
| प्रतिशत | १०० | ० | ० | २४.८२ | ७५.१८ | ५४ |

पालिकाले उपलब्ध गराएको खर्चको फाँटवारी अनुसार अनुसार वार्षिक रु. १६ करोड ४६ लाख ८२ हजार निकासा भएकोमा प्रथम र दोस्रो त्रैमासिकमा खर्च भएको छैन । त्यस्तै तेस्रो त्रैमासिकमा रु. ४ करोड ८ लाख ९४ हजार (२४.८२ प्रतिशत) र तेस्रो त्रैमासिकमा रु.१२ करोड ३७ लाख ८८ हजार (७५.१८ प्रतिशत) खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु.८ करोड ९१ लाख ५५ हजार (५४ प्रतिशत) खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । यस्तै वित्तिय विवरण (म.ले.प.फा.नं. २७०(४)) मा पुँजिगत खर्च १६ करोड ३९ लाख ९६ हजार उल्लेख गरेकोले खर्चको फाँटवारी र वित्तिय विवरणमा एकरुपता हुनुपर्ने गरी लेखाङ्कन गर्नुपर्दछ । स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वियन गरिनुपर्दछ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

२७ **औषधि खरिद**

पालिकाकालाई आवश्यक पर्ने औषधि पालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण यकिन गरी वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नु पर्दछ । आपूर्ति हुने औषधी वा अन्य सामानमा उत्पादन मिति , म्याद सकिने मिति, ब्याच नं., उत्पादक कम्पनीको नाम र नि:शुल्क वितरणको लागि लगायतका सूचना उल्लेख रहेको हुनुपर्दछ । भण्डारमा दाखिला गर्दा समेत उल्लेखित सबै विवरण खुलाउनुपर्दछ । यसवर्ष पालिकाले संघिय शसर्त अनुदान शिर्षकबाट २ वटा फर्मसँग रु.९,९८,६३३।० को औषधि खरिद गरेको देखिन्छ । आपूर्ति हुने औषधी तथा औषधिजन्य सामाग्रीमा उल्लेखित सूचना पूर्ण रुपमा रहेको छैन भने औषधिको प्रयोग र मौज्दात समेत यकिन भएन । अत: पालिकाले औषधि खरिद, उपयोग र मौज्दातको अवस्था यकिन गरी औषधि खरिदलाई व्यवस्थित बनाउनुपर्दछ ।

२८ **स्यानिटरी प्याड**

स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि, २०७६ को दफा ४ मा पालिकाले खरिद गरेको स्यानिटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने उल्लेख छ। साथै दफा ५ मा स्यानिटरी प्याड त्रैमासिक,चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने उल्लेख छ। पालिकाका भित्रका सामुदायिक विद्यालयहरुमा कक्षा ६ भन्दा माथिका छात्रा विद्यार्थीहरु २९६ जना रहेका छन। पालिकाले सेविका इन्टरप्राइजेजबाट २७२० थान स्यानिटरी प्याड रु.२१८२२५।०(मु अ कर समेत) मा खरिद गरेको छ । पालिकाले गत विगतको खपतलाई आधार मानी समयमै उचित परिमाणमा खरिद गर्नुपर्नेमा वर्षान्तमा खरिद गरि मौज्दातमा राखेको देखिन्छ। खरिद गरिएका प्याडहरु भण्डारण गर्दा गुणस्तरमा कमी नआउने गरी सुरक्षित रुपमा राखेको पाइएन।तसर्थ पालिकाले आवश्यकताको पहिचान गरी आवश्यक परिमाणमा मात्र प्याड खरिद गर्नुपर्दछ ।

२९ **न्यानो झोला कार्यक्रम**

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको आर्थिक वर्ष २०७९।८० मा सशर्त अनुदान तर्फ स्थानीय तहबाट सञ्चालन गरिने कार्यक्रमहरुको मार्गदर्शनमा प्रसुतिका आधारमा अनुमान गरी न्यानो झोलाको लागि अस्पतालहरुले सार्वजनिक खरिद ऐन र नियमावली अनुसार तोकिएको स्पेशिफिकेशन अनुसार खरिद गरी सो अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट गुणस्तर परीक्षण गर्नु पर्ने व्यवस्था छ । यस पालिका अन्तर्गतका १ वटा बर्थिङ सेन्टरमा यस वर्ष १०० थान को रु.९९,९००।० मा खरिद गरेकोमा यस वर्ष ३३ जना मात्र प्रसुति भएको अभिलेखबाट देखिन्छ । पालिकाबाट गत वर्ष तथा यस वर्ष वितरण नभई मौज्दातमा रहेको न्यानो झोलाको

विवरण प्राप्त हुन सकेन । खरिद भएका त्यस्ता झोलाहरु तोकिएको स्पेशिफिकेशन अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट परीक्षण गरेको देखिएन । तसर्थ माग र आवश्यकताको वस्तुनिष्ठ आङ्कलन गरी गुणस्तरीय झोला खरिद गर्नुपर्दछ । लामो समय भण्डारण गर्दा सोको गुणस्तरमा ह्रास आउने हुनाले त्यसतर्फ समेत पालिकाले ध्यान दिनुपर्दछ ।

३० **सफ्टवेयर खरिद**

नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यबस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुँदा नं.४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउन पर्ने व्यबस्था रहेको छ । स्थानीय तहले योजना प्रबन्ध प्रणाली सम्बन्धी सफ्टवेयर खरिद गरी रु.३ लाख खर्च गरेकोमा खरिद भएका सफ्टवेयरको सूचना तथा प्रविधि विभागबाट स्वीकृत लिएको देखिएन । यस्ता सफ्वेयर स्वीकृति लिई प्रयोग गर्नुपर्दछ ।

३१ **सामाजिक सुरक्षा तर्फ**

३१.१ लगत अद्यावधिकः सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७७ मा सामाजिक सुरक्षा प्राप्त गरिरहेका सवै प्रकारका लाभग्राहिले अगामी आर्थिक बर्षमा भत्ता लिनका लागि तोकिएको ढाँचामा सो कार्यविधिको दफा ५(१)मा उल्लेखित समयाबधी भित्र सम्बन्धीत पालिकामा दरखास्त दिनुपर्ने ब्यवस्था छ। मृत्यु भएमा, बसाई सरी गएमा, एकल वा विधवा महिलाले विवाह गरेमा, बालबालिकाको हकमा पाच वर्ष उमेर पूरा भएमा, नवीकरण नगरेमा, एक आार्थिक वर्षको कुनै पनि किस्ता रकम नबुझेमा वा अयोग्य व्यक्तिले भत्ता प्राप्त गरेको प्रमाणित भएको अवस्थामा लाभग्राहीको नाम सम्बन्धित स्थानीय तहले मूल अभिलेख कट्टा गर्नुपर्दछ । सो सम्वन्धी विवरण अध्यावधिक गरेको पाईएन।तसर्थ भत्ता पाउनेको विवरण अध्यावधिक गरेर मात्र भत्ता वितरण गर्न तर्फ पालिकाले ध्यानदिनु पर्दछ ।

३१.२ **निकासा खर्च :** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्यक बर्ष लगत अध्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, भत्ता वितरण गर्दा बैंक मार्फत भत्ता वितरण गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चलन गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टी गरी अधावद्यिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्वन्धित स्थानीय निकायको हुने व्यवस्था गरेको छ । पालिकाले यस वर्ष रु. २,४६,०६,९८५/- बैकिङ प्रणालीमार्फत लाभग्राहीको बैक खातामा वितरण गर्न पठाइको छ ।

३२ **फोहरमैला व्यवस्थापन**

फोहरमैला व्यवस्थापन ऐन, २०६८ अनुसार स्थानीय तहहरुले स्रोतमै फोहरमैलाको वर्गीकरण गर्न लगाई सोही अनुसार सङ्कलन र व्यवस्थापन गर्ने कार्यको शुरुवात गर्न नसकेको कारण फोहरमैला व्यवस्थापनमा जटिलता देखिएको छ । फोहर उत्सर्जन हुने स्रोतमा नै वर्गीकरण गरी कुहिने, नकुहिने, सिसाजन्य, अस्पतालबाट उत्पादित र इ-वेष्ट लगायतका फोहर वर्गीकरण गरी उपयुक्त व्यवस्थापन गरेको देखिएन । फोहरमैलाको उचित व्यवस्थापन गरी पालिकाको पर्यावरणलाई स्वच्छ राख्नुपर्दछ ।

३३ **परामर्श तथा डीपीआर खर्च**

बजेट व्यवस्था भई कार्यान्वियन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययन गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस कार्यालयले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ ।

रु.हजारमा

| कार्य विवरण | परामर्शदाता | स्वीकृत रकम | खर्च रकम |
|---|---|---|---|
| सगरमाथा आ.वि.(१-३) DPR | एकता कर्णाली इन्जिनियरिङ्ग कन्सल्टेन्सी एण्ड कं. प्रा.लि. विरेन्द्रनगर | ७४२ | ७४२ |
| खानिगाउँ हेल्थपोष्ट भवनको DPR | | ८१४ | ८१४ |
| कोला हेल्थपोष्ट भवनको DPR | | ८१३ | ८१३ |
| गाउँपालिका भवन निर्माण DPR | विकास निर्माण कन्सल्टेन्सी | १५०० | १४८९ |
| जम्मा: | | ३८६९ | ३८६९ |

यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डी.पी.आर.तयार गर्दा कार्यालयको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा आगामी दिनमा कार्यालयको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वयनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन।

### ३४ क्रमागत आयोजना

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३६ अनुसार योजनाहरुको भौतिक र वित्तीय पक्षको सामुहिक समीक्षा गर्नुपर्ने र यसरी गरिने समीक्षामा प्रगति कम हुनुका प्रमुख कारणहरु र सोको निमित्त जिम्मेवार व्यक्तिको पहिचान गर्नुपर्ने, त्यस्तो समीक्षामा सुधारका लागि चाल्नु पर्ने कदमहरु र जिम्मेवार व्यक्ति उपर गर्नुपर्ने कारबाही समेत उल्लेख गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष देहायअनुसार ४ वटा वडा कार्यालय भवन निर्माण योजनाको कार्य तोकिएको समयमा योजना सम्पन्न गर्ने गरी कार्यान्वयन गर्नुपर्दछ ।

रु.हजारमा

| ठेक्का नं | निर्माण व्यवसायी | सम्झौता रकम | म्याद बाँकी | कैफियत |
|---|---|---|---|---|
| NCB 1/080.81 | न्यू अनिशा एण्ड देव कं. प्रा.लि. | १५००० | २०८२।३।१५ | वडा नं. २ को भवन निर्माण |
| NCB 4/080.81 | डोल्पा ओ.एम्. जे.भी. | १४९६४ | २०८२।३।१५ | वडा नं. ४ को भवन निर्माण |
| NCB 5/080.81 | आनिया कं. प्रा.लि. | १५१०८४ | २०८२।३।१५ | वडा नं. ५ को भवन निर्माण |
| NCB 6/080.81 | ओम कर्मा त्रिपुरा जे.भी. | १४२०० | २०८२।३।१५ | वडा नं. ६ को भवन निर्माण |

### ३५ एक्साभेटरको प्रयोगः

काईके गाँउपालीका अर्न्तगत विगत आ.व. देखि नै एक्साभेटर रही आएकोमा सोको प्रयोग बाट पालीकाले आम्दानी गरेको देखिएन । डोजरको संचालनको लागी पालीकामा समती गठन भएको र एकजना ड्राइभर र एक जना हेल्पर गरी २ जना कर्मचारी नियुक्ति भै २ जनाको मासिक ४० हजारको दरले चाडपर्व खर्च समेत रु. ५ लाख २० हजार खर्च भएको छ । एक्साभेटरको आम्दानी सार्वजनिक सम्पती व्यवस्थापन प्रणाली (PAMS) मा समेत आम्दानी गरेको नदेखिदा समितीलाई क्रियाशील बनाई सञ्चालन कार्यविधि मार्फत पालीकामा हुने निर्माण कार्यमा अधिकतम प्रयोग गरी आम्दानी बृद्धि गर्नुपर्दछ ।

### ३६ जिन्सी निरीक्षण

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । तर पालिकाले यस वर्ष जिन्सी निरीक्षण गराई प्रतिवेदन तयार गरेको छैन । जसले गर्दा पालिकाको जिन्सीको अवस्था बारे यकिन गर्न सकिएन । नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ ।

३७ **कृषी एम्बुलेन्सः** (१६८/२०८१-२-१३):

काईके गाँउपालिका को कार्यापालीकाको २०८१ जेष्ठ १० गतेको निर्णय नं. १ अनुसार काइके गाँउपालीकाको कृषि शाखा अर्न्तगत कृर्षि एम्बुलेन्स खरीदको लागी संघिय सरकारबाट रु. १९,७५,०००।० विनियोजन भएकोमा पहाडी तथा हिमाली क्षेत्रमा सुहाँउदो कृर्षि एम्बुलेन्स खरिदको लागी उक्त रकम अपुग हुने भएकोले कर्णाली प्रदेश समानीकरण अनुदान भैपरी बाट रु. ७,७५,०००।० बजेट विनियोजन गरी क्याटलग विधी बाट अग्री इनकर्पोरेटेड प्रा.ली. संग रु.२४,९९,०००।० भ्याटसहित २०८१।१।२३ मा सम्झौता भै दाखिला नं. ७३ बाट मिती २०८१।२।८ मा दाखिला भएको छ । यद्यपि उक्त एम्बुलेन्स वर्षादको कारण नेपालगन्ज मै रहेको व्यहोरा कार्यालकबाट जानाकारी प्राप्त भएकोले अविलम्ब ल्याई संचालन कार्यविधी तयार गरी संचालनमा ल्याउनु पर्दछ ।

३८ **कन्टिजेनसी खर्चः**

सार्वजनिक खरीद नियमावली, २०६४ को नियम १०(७) बमोजिम निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्क चार्ज स्टाफ खर्च २ प्रतिशत र सानातिना अन्य खर्च वापत २ प्रतिशत गरी ४ प्रतिशत सम्म कन्टिजेन्सि खर्च समावेश गरी लागत अनुमान तयार गर्नुपर्नेमा पालीकाले केही योजनामा ५ प्रतिशत ले हुने रकम कन्टिन्जेन्सि वापत कट्टा गरी भुक्तानी दिने गरेको देखियो । कन्टिन्जेनसी रकम नियमको परिधीभित्र रही आवश्यकतानुसार कट्टी गरी अभिलेख राखी योजनासँग सम्वन्धीत काममा मात्र खर्च गर्नुपर्दछ । त्यस्ता केहि उदारणहरु

| कार्यक्रम | बजेट | खर्च | कन्टिन्जेन्सि | श्रोत |
|---|---|---|---|---|
| कुसुव देखि ढाँवा सम्म ढलान निर्माण | १७०००००।० | १६५५०००।० | ८५०००।० | समानीकरण अनुदान पुजिगत |
| टुप्पातारा सामूहीक स्याउ फार्म फलामे जाली काडेतार निर्माण | ३००००००।० | २८५००००।० | १५००००।० | समानीकरण अनुदान पुजिगत |
| टिम्कोङ देखि सेलसम्म घोरेटोबाटो निर्माण | १००००००।० | ९३५०००।० | ६५०००।० | समानीकरण अनुदान पुजिगत |

३९ **प्राविधिक बिल र कार्य सम्पन्नः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधिकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ ।

४० **विशेष भत्ताः**

करार संझौता गर्दा तलब, पर्व खर्च र पोशाक खर्च बाहेक अरु सुविधा नपाउने गरी बढिमा छ महिनाको समय अवधि राखी करार संझौता गर्नुपर्ने व्यवस्था छ । साथै अर्थ मन्त्रालयको मिति २०७९।०१।२१ को संघीय मामिला तथा सामान्य प्रशासनलाई लेखेको पत्रमा महंगी भत्ता सम्बन्धमा कुनै पनि कानूनी व्यवस्था नभएकोले करारमा कार्यरत कर्मचारीहरुलाई कुनै किसिमको विशेष भत्ता उपलब्ध गराउन नसकिने व्यहोरा परिपत्र गरेको छ । पालिकाले देहायका करारका कर्मचारीहरुलाई भत्ता वितरण गरिएकोले सो रकम असुल हुनुपर्ने रु.

| सि.नं. | पद | कर्मचारी | महंगी भत्ता | विशेष भत्ता | वार्षिक जम्मा |
|---|---|---|---|---|---|
| १ | इन्जिनियर (छैठो) | प्रकाश कुमार सिजापति | ० | २०००० | १००००० (५ महिना) |
| २ | सूचना प्रविधि अधिकृत | सत्यराज शाही | २४००० | १६८००० | १९२००० |
| | | | | | २९२००० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,९२,००० |

४१ **स्थानीय भत्ताः**

भ्रमण खर्च नियमावली, २०६४ को नियम ७(११) मा सरकारी कामको सिलसिलमा भ्रमणमा रही दैनिक भ्रमण भत्ता उपभोग गर्ने कर्मचारीले दैनिक भत्ता उपभोग गरेको अवधिभर फिल्ड भत्ता, बैठक भत्ता, तालिम भत्ता वा अन्य कुनै किसिमको भत्ता नपाउने प्रावधान छ । पालिकाले यो वर्ष अधिकांश ७ दिन सम्मको भ्रमणमा रहेको अवधिमा स्थानिय भत्ता कट्टि गरेको देखिएन । पालिकाले छानविन गरी दैनिक भत्ता उपयोग गरेको अवधिको स्थानीय भत्ता असुल गर्नुपर्दछ।

४२ **विविध खर्च**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले यस वर्ष खाना तथा विविधतर्फ मात्र रु.२६,३८,१०४।०० खर्च गरेको छ । पालिकामा हुने यस्ता किसिमका खर्चहरुलाई नियन्त्रण गर्नुपर्दछ ।

| भौ नं मिति | विवरण | भुक्तानी पाउने | रकम |
|---|---|---|---|
| १९-२०८०।६।२२ | खाना खाजा खर्च | होटल रोयल एण्ड रेष्टुरेन्ट | २२८००० |
| २२-२०८०।६।२९ | खाना खाजा खर्च | ओज्मन रेष्टुरेन्ट | १४७१५० |

४३ **प्रमाण कागजात पेश नभएको**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न भुक्तानी दिन आवश्यक विल भरपाई संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने उल्लेख छ । पालिकाले देहायको भुक्तानीमा विल भरपाई संलग्न गरेको छैन । सो सामग्री जिन्सी दाखिला तथा वितरण भरपाइ प्रमाण पेश हुनुपर्ने अन्यथा असुल हुनुपर्ने रु.

| भौ नं मिति | विवरण | भुक्तानी पाउने | रकम | कैफियत |
|---|---|---|---|---|
| ३०३-२०८१।३।२३ | ६ जना शिक्षक | सुन्दरशेर्पा आ.वि. | ३००००० | अतिरिक्त समय काम प्रमाण नभएको |
| ३१४-२०८१।३।२४ | मसलन्द तथा कार्यालय सामग्री | देवेश कुमार विष्ट | ५६२८० | |
| | | जम्मा | ३५६२८०।० | |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३,५६,२८० |

४४ **नाफामूलक संस्थालाई अनुदान**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा वितरणमुखी खर्च नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकम स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुँजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्ने व्यवस्था छ । उल्लेखित व्यवस्था अनुसार देहायअनुसारका नाफामूलक संस्थालाई अनुदान उपलब्ध गराएको नियमसम्मत नदेखिएको रु

| क्र सं | अनुदान प्राप्त गर्ने संस्था | अनुदान व्यहोरा | अनुदान रु. |
|---|---|---|---|
| १ | नेपाल बैकं लिमिटेड | कार्यालय संचालन | १००००० |

| | |
|---|---|
| अनियमित भएको | १,००,००० |

४५ **पदाधिकारी वैदेशिक भ्रमण खर्च** (२८४-२०८१-३-२०):

स्थानीय तह पदाधिकारीको बैदेशिक भ्रमण सम्वन्धी निर्देशिका, २०७५ को दफा ४(१ख) स्थानीय तहका पदाधिकारी वैदेशिक भ्रमणको लागी संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रीले मनोनयन गर्नुपर्ने व्यवस्था छ । पालिकाका वडा ७ का वडाध्यक्ष चिन भ्रमण गइ

रु.२,५०,०००।० खर्च भुक्तानी भएकोमा निर्देशिका बमोजिमको मनोनयन सम्वन्धी कागजात समावेश गरेको नपाइएकोले मनोनयन सक्वन्धी कागजात पेश हुनुपर्ने अन्यथा असुल हुनुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,५०,००० |

४६ **सामाजिक परिचालक पारिश्रमिक**

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको पत्र संख्या ०७४।७५/च. न. ४० (२०७४।१२।१३) को परिपत्रको वुदा नं ४ मा ०७५ असार मसान्त पश्चात सामाजिक परिचालकको लागी कुनै केन्द्रिय दायित्व नरहने उल्लेख छ । पालिकाले यस वर्ष १ जना सामाजिक परिचालकलाई मासिक रु.३०,०००।० का दरले रु.३,६०,०००।- भुक्तानी गरेको छ। सामाजिक परिचालक राख्न नपाउने व्यवस्था विपरित भुक्तानी भएको रकम अनियमित रु.

| | |
|---|---|
| अनियमित भएको | ३,६०,००० |

४७ **कल्याण कोषः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले रु ३ लाख विनियोजन गरिएकोमा कोषमा जम्मा गरेको छैन । त्यस्ता कोषमा कानुन बमोजिम जम्मा गरी कोषलाई कार्यान्वियनमा ल्याउनुपर्दछ ।

४८ **कर्मचारी करार**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको र सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले दरबन्दी बाहिर २ जना अ.स.इन्जिनियर पदमा कर्मचारीहरु करारमा राखि रु.८,५५,४५२।०० खर्च लेखेको छ । दरबन्दीको विवरण तयार गरी अत्यावश्यक कर्मचारी मात्र पूर्ति गर्ने व्यवस्था मिलाउनुपर्नेमा सो बमोजिम नगरी करारमा कर्मचारी राख्नु उचित नदेखिएको अनियमित रु.

| | |
|---|---|
| अनियमित भएको | ८,५५,४५२ |

४९ **जनप्रतिनिधिलाई भुक्तानी**

गतवर्षको बचत रकम (भैपरी) लाई अबण्डामा राखी वडा कार्यालयमा कार्यालय व्यवस्थापन तथा विपन्न वर्ग,आर्थिक कमजोर भएका व्यक्तिहरुलाई आर्थिक सहयोग र खेलकुद क्षेत्रमा आर्थिक सहयोग गरेवापत विभिन्न विल तथा भरपाई राखी वडा अध्यक्षलाई भुक्तानी दिएको पाइयो । खरिद गरेको सामग्री पालिकामा दाखिला नहुने तथा वाडबाटै आर्थिक सहायता वितरण गर्दा आन्तरिक नियन्त्रण कमजोर हुने भएकोले वडा अध्यक्ष नै खरिद कार्यमा प्रत्यक्ष संलग्न भई सिधै रकम भुक्तानी दिने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

| भौ नं मिति | वडा | भुक्तानी पाउनेको नाम | रकम |
|---|---|---|---|
| १६०-२०८०।१२।१६ | १ | छिरिङ्ग तुण्डुप | ७००००० |
| १६१-२०८०।१२।१६ | २ | ओमकार रोकाय | ७००००० |
| १६२-२०८०।१२।१६ | ३ | राजु बुढा | ७००००० |
| १६३-२०८०।१२।१६ | ४ | राजु झांक्री | ७००००० |
| १६४-२०८०।१२।१६ | ५ | राजु रोकाया | ७००००० |
| १६५-२०८०।१२।१६ | ६ | नरेन्द्र रोकाय | ७००००० |
| १८६-२०८०।१२।२८ | ७ | राम चन्द्र रोकाया | ८०३००० |

५० **सामाजिक कल्याण कोष**

पालिकाले वार्षिक बजेटमा सामाजिक कल्याण कोष वापत रु १० लाख बजेट विनियोजन गरी खर्च भएकोमा देखिएका व्यहोराहरु निम्नानुसार छन्

५०.१ जाजरकोट र रुकुम पश्चिमका भुकम्प पिडीतहरुको लागि भुकम्प प्रभावित राहत कोषमा क्रमश ३ लाख र २ लाख सहयोग उपलब्ध गराएकोमा कार्यपालिकाको निर्णय र परिपत्रले गरेको समर्थन पेश नभएको रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५,००,००० |

५०.२ (२०८-२०८१-१-२४):

सामाजिक कल्याण कोष अन्तर्गत पालिका अध्यक्षले वढीमा रु. ५० हजार सम्म आर्थिक सहायता उपलब्ध गराएकोमा परिषदले गरेको निर्णय तथा कार्यविधि नबनाइ वडा नं. २ को सिफारिसमा मान बहादुर ठकुल्लालाई रु. ३,००,०००।- हेलिकप्टर खर्च वापत भुक्तानी दिएकोले पालिकालाई थप व्ययभार भएको रु.

| | |
|---|---|
| अनियमित भएको | ३,००,००० |

५१ **मूख्यमंत्री रोजगार कार्यक्रम**

५१.१ सार्वजनिक खरीद नियमावली, २०६४ बमोजिम उपभोक्ता समीती सग सम्झौता गर्दा अन्य व्यहोराको अतिरिक्त उ.स. को लागत सहभागीता समावेश गर्ने व्यवस्था छ । त्यसैगरी मुख्यमन्त्री रोजगार कार्यक्रम संचालन कार्यविधी २०७८, (च) मा आयोजना छनौट को आधारमध्ये लागत साझेदारीलाई पनि मापदण्डमा उल्लेख गरेको छ तर संचालित सबै ११ वटै कार्यक्रममा लागत सहभागिता नभएको, सञ्चालीत कार्यक्रमको स्पष्ट लोकेशन नखुलेको तथा आयोजना कार्यान्वयन सम्बन्धी व्यवस्थाको सि.नं. ८ (ख) अनुसार आयोजनाको कम्तीमा दुई पटक अनुगमन गर्ने उल्लेख भएकोमा एकपटकको अनुगमन रीपोर्ट समावेश गरेतापनी २ पटक अनुगमन गरेको नदेखिंदा सञ्चालीत कार्यक्रमको प्रभावकारीता एकीन गर्न नसकिएकोले नियानुसार लागत सहभागीता सुनिश्चित गरी प्रभावकारी अनुगमन गर्नुपर्दछ ।

५१.२ मुख्यमन्त्री कार्यक्रम कार्यविधी, २०७८ को सि.न. ३ मा सडक सिंचाई स्वास्थ्य भवन लगायत ११ वटा क्षेत्रलाई कार्यक्रमको कार्यक्षेत्र तोकेमा कार्यक्षेत्रमा नपर्ने उरुटोल चितुम कानी मन्दिर निर्माण (वार्ड नं. ७) र तान्सा गुम्बा निर्माण (वडा नं.३) निर्माण बापत उपभोक्ता समितीलाई कन्टिजेन्सी समेत रु.३९,००,०००।- भुक्तानी दिएको छ । कार्यविधि बमोजिम गरिवी निवारणमा सघाउ पुर्‍याउने कार्यक्रममा खर्च गर्नुपर्दछ ।

५२ **अधुरो गुम्बा निर्माण** (८४-२०८१-३-२३):

आ.व. २०८०।८१ को वार्ड नं. ५ को बजेट विनियोजन अन्तर्गत सुवोर्छे गुम्बा निर्माणको लागी रु.१५ लाख ५० हजार बजेट विनियोजन भएकोमा उपभोक्ता समितिले लिएको पेश्की रु.४,६५,०००।- फर्छौट गरी बाँकी रकम भुक्तानी समेत रु. १३ लाख खर्च लेखेको छ । संलग्त कागजात बमोजीम गुम्बा निर्माणको काठ, ढुङ्गा तथा फर्निचर निर्माण कार्यमा उक्त रकम खर्च भएको देखियो।गुम्बाको स्ट्रक्चरको कार्य शुरु नभएको अवस्थामा खर्चको सामग्रीको लागत अनुमान र मूल्याङ्कन समेत नभएको तथा आ.व. २०८१।८२ को बजेट विनियोजनमा समेत उक्त गुम्बा निर्माणको लागी रकम विनियोजन नभएकोले उक्त खर्चको उपादेयता देखिएन । गुम्बा निर्माणको पुर्व निर्णय वमोजिम नै क्रमागत कार्यक्रम अन्तर्गत बजेट विनीयोजन गरी गुम्वाको एकिकृत लागत अनुमान तयार गरेर खर्च गरेको रकम समेत समावेश गरी कार्यसम्पन्न गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १३,००,००० |

५३ (४-२०८१-३-२०):

कार्यपालीकाको २०८०।०६।४ को निर्णय नं. बमोजिम का्इके गाँउपालिका भित्र सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरु आ.व. २०७९।८० मा छुट हुन गएकोले निष्कृय बैङ्क खातामा रहेको रकम विविध खर्चखातामा ट्रान्सफर गरी सम्बन्धित लाभग्राहीला्इ उपलब्ध गराउने गरी निर्णय भए अनुसार ३७ जना लाभग्राहीको खातामा रु.९२,५६८।- खर्च लेखेकोले संचितकोषमा दाखिला हुनुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ९२,५६८ |

५४ **टसीके गुम्बा निर्माण का्इके-३** (३०-२०८१-३-१७):

प्रदेश सरकाबाट हस्तान्तरीत कार्यक्रम ( पुँजिगत ) आ.व. २०८०।८१ मा स्विकृत कार्यक्रम अनुसार टसिके गुम्बा निर्माण प्रयोजनको लागी रु. ५७ लाखको लागत अनुमान तयार गर्दा धार्मिक किताब ८० वटाको प्रति गोटा १० हजारको दरले रु. ८ लाख समेत समावेश गरी लागत अनुमान तयार गरेको तर भुक्तानी गर्न २०४ वटा मन्त्र प्रिन्ट गरेको भनि प्रतिमन्त्र २६०३ को दरले रु.६,००,०४३।- समेत रु. ८,००,०००।- समावेश गरी कार्यसम्पन्न प्रतिवेदन तयार गरेकोले पुस्तक तथा मन्त्र को लागत अनुमान को दर रेट विश्लेषण र त्यसको सम्बन्धमा एकीन नभएको रु.

| | |
|---|---|
| अनियमित भएको | ८,००,००० |

५५ **म्याद नाघेको पेश्की**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फस्र्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने उल्लेख छ । पालिकाले निम्न कर्मचारी तथा संस्थालाई दिएको पेश्की आर्थिक वर्षको अन्त्यसम्म फस्र्यौट नभई रु.१२,००,०००/- बाँकी रहेको देखिन्छ । सो मध्ये निम्नानुसारको म्याद नाघेको पेश्की रु.१२,००,०००।- फस्र्यौट गर्न बाँकी रहेकोले उक्त पेश्की नियमानुसार फस्र्यौट गर्नुपर्ने रु.

| पेश्की लिएको मिति | गो. भौ. न. | पेश्की लिने ब्यक्ती/ फर्म वा कम्पनीको नाम | फछ्र्यौटको अन्तिम म्याद | म्याद ननाघेको | म्याद नाघेको | जम्मा |
|---|---|---|---|---|---|---|
| उपभोक्ता समिति | | | | | | |
| १२/२८/२०८० | १२ | तोल तोल खोला झोलुङ्गे पुल निर्माण उपभोक्ता समिति | ०२/०२/२०८१ | ० | १२००००० | १२००००० |
| जम्मा | | | | ० | १२००००० | १२००००० |

| | |
|---|---|
| पेश्की | १२,००,००० |

५६ **विगत वर्षको भुक्तानीः**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा ९(घ) मा बहुवर्षिय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने रकम समावेश गरी बजेट बनाउने व्यवस्था छ । पालिकाले भुक्तानी दिन बाँकिको खाता तथा कच्चावारी (म.ले.प.फा.नं. २२१) तयार नगरी देहायानुसार रु.४,२२,५००।- भुक्तानी गरेको छ । तसर्थ यस्तो भुक्तानी नियमसम्मत नदेखिएको रु.

| गो.भौ.नं./मिति | विवरण | भुक्तानी पाउने | रकम | कैफियत |
|---|---|---|---|---|
| २३- २०८०।९।८ | विविध | त्रिपुरा स्टेशनरी इलेक्ट्रिकल्स अर्डर एण्ड सप्लायर्स | ९२६०० | २०८०।२।११ देखि ३।१० सम्मका विभिन्न ५ बील |
| ४२- २०८०।१२।१६ | विविध | लालिमान बुढा | ३२९९०० | विभिन्न मितिका ९ वटा बील तथा २ वटा ढुवानी भरपाई |
| जम्मा | | | ४२२५००।० | |

| | |
|---|---|
| अनियमित भएको | ४,२२,५०० |

५७ **मूल्य अभिवृद्धि कर कट्टी** (३८-२०८०-११-१२):

मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६ ग अनुसार मू.अ.कर रकमको ३० प्रतिशत सम्बन्धीत राजस्व शीर्षकमा र बाँकी ७० प्रतिशत सम्बन्धीत फर्मलाई भुक्तानी दिनुपर्ने उल्लेख छ । तर पालिकाले देहायको भुक्तानीमा नियमानुसार ३० प्रतिशत रकम रु.५१,४२१।- कट्टी गरी राजस्व दाखिला नगरी फर्मलाई नै भुक्तानी दिएको देखिँदा कर समायोजन पत्र पेश गर्नुपर्ने रु.

| गोभौनं./मिति | भुक्तानी पाउनेको नाम | प्यान नं. | भुक्तानी रकम | मुअकर कर रकम | ३० प्रतिशत रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| ३८-२०८०।११।१२ | विकास निर्माण कन्सल्टेन्सी प्रा.लि. | ६०४२६२९०७ | १४८९९०५ | १७१४०५ | ५१४२१ | विल नं २ |
| | जम्मा | | | १७१४०५ | ५१४२१ | |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५१,४२१ |

५८ **लागत अनुमानः**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १० अनुसार निर्माण कार्यको लागत अनुमान तयार गर्दा स्वीकृत नर्म्स तथा दररेटको प्रयोग गर्नुपर्दछ । यस सम्वन्धमा देहिएका व्यहोरा निम्न छन्

पालिकाले यस वर्ष उपभोक्ता समिति मार्फत कार्यान्वयन गरेका गोरेटो/घोडेटो बाटो निर्माणमा स्थानीय पुर्वाधार निर्माण विभागबाट तयार नर्म्स प्रयोग गर्नुपर्नेमा भवन विभागको नर्म्स प्रयोग गर्दा देहायका योजनामा नरम माटो खन्ने, कडा माटो खन्ने र मध्यम प्रकारको ढुङ्गामा खन्ने कार्यमा स्वीकृत नर्म्स भन्दा क्रमशः रु.१९२, रु.२१५ र रु.८७३.६ प्रति क्यूविक मिटर बढी दर प्रयोग भई देहायानुसार बढी भुक्तानी भएकोले फरक दर प्रयोग गर्ने पदाधिकारीलाई जिम्मेवार बनाइ बढी भुक्तानी रकम सम्वन्धित उपभोक्ता समितीबाट असुल गर्नुपर्ने रु.

| आयोजना | soft soil | 192 | hard soil | 215 | medium rock | 873.6 |
|---|---|---|---|---|---|---|
| | परिमाण | रकम | परिमाण | रकम | परिमाण | रकम |
| घारि लुम्बा देखि चाहा सम्म घोरेटो बाटो निर्माण उ.स. | १६४.८३ | ३१६४७.३६ | ९८.०५ | २१०८०.७५ | ४.५ | ३९३१.२ |
| तसिकाङ देखि ठम सम्म घो बा निर्माण उ.स. | ४७१.९८ | ९०६२०.१६ | ३४२.८७ | ७३७१७.०५ | ४५.२५ | ३९५३०.४ |
| शहरतारा देखि लिजा सम्म घो बा निर्माण उ.स. | २५७.०८ | ४९३५९.३६ | १२०.४५ | २५८९६.७५ | १६.३३ | १४२६५.८८८ |
| रा देखि आर्सो सम्म घो बा निर्माण उ.स. | ६७४.७५ | १२९५५२ | ५१७.२५ | १११२०८.७५ | ६५.१९ | ५६९४९.९८४ |
| रिक्कोङ देखि सेल सम्म घो बा निर्माण उ.स. | ५७७.६६ | ११०९१०.७२ | ० | ० | | ० |
| खडिक देखि च्याभो सम्म घो वा निर्माण उ.स. | ५०९.७ | ९७८६२.४ | २३६.९५ | ५०९४४.२५ | ७६.२२ | ६६५८५.७९२ |
| घाङ्ग पाल्सार देखि यालाकोट पुल सम्म घोरेटो बाटो निर्माण उ.स. | ५९६.२४ | ११४४७८.०८ | ४५५.८८ | ९८०१४.२ | ६६.४ | ५८००७.०४ |
| रुमजाल देखि बल्जु सम्म गो वा निर्माण उ.स. | ३८७.३५ | ७४३७१.२ | ८५.९३ | १८४७४.९५ | ० | ० |
| च्यावर देखि ताछिन सम्म घो वा मर्मत उ.स. | १४ | २६८८ | ० | ० | | ० |
| थाङबाप देखि स्युना सम्म घो बा निर्माण उ.स. | ५९६.९७ | ११४६१८.२४ | १२५८.४९ | २७०५७५.३५ | ७१.१७ | ६२१७४.११२ |
| दलित टोल घोरेटो बाटो निर्माण उ.स. | १६ | ३०७२ | ० | ० | ० | ० |
| फु छ्योम्बो देखि लावन काचो सम्म गो बा निर्माण उ.स. | २६३.१३ | ५०५२०.९६ | १२९.५५ | २७८५३.२५ | ४४.६ | ३८९६२.५६ |
| छुला खोला देखि रुम्बो सम्म घ बा निर्माण उ.स. | ४६१.६३ | ८८६३२.९६ | २१८.७८ | ४७०३७.७ | ७१.४३ | ६२४०१.२४८ |
| जुलुङ्गे पुल देखि माइसी सम्म गो वा निर्माण उ.स. | २५१.५१ | ४८२८९.९२ | १२६.९५ | २७२९४.२५ | ४६.५१ | ४०६३१.१३६ |
| जम्मा बढी भुक्तानी | | १००६६२३.३६ | | ७७२०९७.२५ | | ४४३४३९.३६ |

| असुल गर्नुपर्ने | २२,२२,१५९.९७ |
|---|---|

५९ **फरक दरमा भुक्तानी**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० अनुसार निर्माण कार्यको लागत अनुमान तयार गर्दा स्वीकृत नर्म्स तथा दररेटको प्रयोग गर्नुपर्दछ । रिक्कोङ देखि सेल सम्म घो बा निर्माणमा उपभोक्ता समितिको सम्झौता बमोजिम Dry Stone Masonry वापत ८१ क्यूविक मिटरको कार्य गर्दा Rubble Stone को स्वीकृत जिल्ला दर रु.१,८००।- प्रयोग गर्नुपर्नेमा Hammer Dressed Stone को दर रु.५,०५०/- प्रयोग गर्दा प्रति क्यूविक मिटर ढुङ्गाको परिमाण १.१ को रु.३,५७५/- को दरमा बढी भुक्तानी भएको पाइयो । उक्त योजनामा Dry Stone Masonry को परिमाण ८१ क्यूविक मिटर भएकोले बढी भुक्तानी रु.२,८९,५७५।- सम्वन्धित उपभोक्ता समितिबाट असुल गर्नुपर्ने रु.

| असुल गर्नुपर्ने | २,८९,५७५ |
|---|---|

६० **शिक्षक दरवन्दी र पदपूर्ति**

स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका १४ सामुदायिक विद्यालयहरुमा ७० शिक्षक दरवन्दी रहेकोमा ४७ जना स्थाई तथा २३ जना करारमा रहेकोमा विद्यार्थी संख्या ८२३ रहेको छ ।

६१ **प्रारम्भिक वाल विकास सहजकर्ताः**

शिक्षा मत्रालयको सशर्त कार्यक्रमको कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ को क्रियाकलाप नं. १.१.४.१ मा प्रारम्भिक वालविकास शिक्षक तथा कर्मचारी व्यवस्थापन अन्तर्गत वालविकास शिक्षकको पारिश्रमिक प्रति महिना रु.१०,०००।०, विद्यालय सहयोगीको रु.८,०००।० तथा विद्यालय सहायक कर्मचारीका लागी रु.१३,५००।० अनुदान उपलब्ध गराउने तथा न्यूनतम पारिश्रमिकमा नपुग रकम स्थानीय तहले थप गर्नुपर्ने व्यवस्था गरेको छ । यस सम्वन्धमा देखिएका व्यहोरा देहायानुसार छन्:

६१.१ (२०-२०८०-६-१२):

पालिकाले प्रथम त्रैमासिकमा (चाडपर्व सहित) ४ महिनाको पालिका अन्तर्गतका ८ जना वालविकास शिक्षक र १ जना सहायक कर्मचारीको पारिश्रमिक निकासा गर्दा रु.१५,०००।० को दरमा भुक्तानी गरेकोले गरेकोले बढी भुक्तानी रु.१,६६,०००।० (५०००*८*४+१५००*१*४)संघिय सञ्चित कोषमा दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,६६,००० |

६१.२ (८८-२०८०-९-४):

पालिकाले दोस्रो त्रैमासिकमा पालिका अन्तर्गतका ८ जना वालविकास शिक्षक र १ जना सहायक कर्मचारीको पारिश्रमिक निकासा गर्दा रु.१५,०००।० को दरमा भुक्तानी गरेकोले गरेकोले बढी भुक्तानी रु.१,२४,५००।० (५०००*८*३+१५००*१*३) संघिय सञ्चित कोषमा दाखिला गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,२४,५०० |

६१.३ (१४२-२०८०-१२-२५):

पालिकाले तेस्रो त्रैमासिकमा पालिका अन्तर्गतका ८ जना वालविकास शिक्षक र १ जना सहायक कर्मचारीको पारिश्रमिक निकासा गर्दा रु.१५,०००।० को दरमा भुक्तानी गरेकोले गरेकोले बढी भुक्तानी रु.१,२४,५००।० (५०००*८*३+१५००*१*३)संघिय सञ्चित कोषमा दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,२४,५०० |

६१.४ (२०८-२०८१-३-७):

पालिकाले चौथो त्रैमासिकमा पालिका अन्तर्गतका ८ जना वालविकास शिक्षक र १ जना सहायक कर्मचारीको पारिश्रमिक निकासा गर्दा रु.१५,०००।० को दरमा भुक्तानी गरेकोले गरेकोले बढी भुक्तानी रु.१,२४,५००।० (५०००*८*३+१५००*१*३)संघिय सञ्चित कोषमा दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,२४,५०० |

## ६२ दिवा खाजाः

शिक्षा मत्रालयको सशर्त कार्यक्रमको कार्यक्रम कार्यान्वयन पुस्तिका (आ. व. २०८०।८१) को क्रियाकलाप नं. २.७.११.१ मा विद्यालयगत तथ्याङ्कका आधारमा विद्यालयहरुलाई बाल विकास कक्षा देखि कक्षा ५ सम्म प्रति विद्यार्थी दैनिक रु.२०/- का दरले अधिकतम १८० दिनसम्मको विद्यालयलाई विद्यार्थीको दैनिक हाजिरी पुस्तिकाको प्रतिलिपि विद्यालयका प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिका अध्यक्षबाट प्रमाणित गराई विद्यार्थी संख्या यकिन गरी अनुदान निकासा दिने व्यवस्था छ । पालिकाले यस वर्ष विद्यार्थी संख्या र हाजिरीको आधारमा रु.२३,४३,४८०।० निकास गरेको छ । विद्यार्थी संख्या भन्दा बढी निकासा भएको रु.४६,०२०।० लेखापरीक्षणको क्रममा असुली भएको छ ।

## ६३ प्राविधिक सहायक बढी तलव भत्ता भुक्तानी

प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत पालिकामा पाचौँ तहको प्राविधिक सहायक रहने व्यवस्था रहेको छ । पालिकाले प्राविधिक सहायकमा एक इन्जिनियर नियुक्त गरी असोज. कार्तिक, मंसिर र पुषमा छैटौँ तह बराबरको मासिक तलव रु.८,९५९।० र स्थानीय

भत्ता रु.४,९००।० थप गरी भुक्तानी गर्दा (असोज ८ दिन तलब: २३८८ स्थानीय भत्ता १३०८ समेत ४ महिना) थप रु.४५,२७३।० बढी व्ययभार परेको रकम जिम्मेवार पदाधिकारीबाट असूल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४५,२७३ |

६४ **कोभिड १९ शैक्षिक क्षति परिपुरण कार्यक्रम**

शिक्षा मन्त्रालयको सशर्त कार्यक्रमको कार्यक्रम कार्यान्वियन पुस्तिका (आ. व. २०८०।८१) अनुसार कोभिड १९ बाट पुगेको शैक्षिक क्षतीको परिपुरण तथा अन्य विपद् समयमा सिकाई निरन्तरताका लागी कार्यक्रम अन्तर्गत कक्षा ८ को परिक्षा सञ्चालन तथा प्रकाणीकरण एवम् विद्यार्गि मूल्याङ्कन, शैक्षिक शुसासन प्रवर्द्धन, विद्यालय सुपरिवेक्षण तथा मेन्टरिङ्ग, विद्यालय व्यवस्थापन क्षमता विकास, IT स्रोत शिक्षक लाई सूचना प्रविधि तालिम लगायतमा खर्च गर्न सकिने व्यववस्था रहेको छ । पालिकाले उक्त शिर्षकबाट रु.५,९८,०००।० खर्च गरेको छ । उक्त भुक्तानीमा पालिकाले न्यू त्रिपुरा स्टेशनरी, इलेक्ट्रिकल्स अर्डर एण्ड सप्लायर्सको २५ वटा बीलबाट बाल्टि, स्यानीटाइजर, बाटा, मास्क लगायतका सामाग्री खरिद गरी विवरण पेश गरेको पाइयो । कार्यविधि विपरित गरेको यस्तो खरिद तथा भुक्तानी नियमसम्मत नभएको रु.

| | |
|---|---|
| अनियमित भएको | ५,९८,००० |

६५ **दिवस खर्च भुक्तानी** (१८१-२०८१-३-४):

राष्ट्रिय स्वयम्सेविका दिवस मनाएवापत स्वास्थ्य शाखा प्रमुख हरि बहादुर रोकायालाई रु.१,०४,०००।० भुक्तानी दिएको छ । २०८०।८।१९ मा मनाइने राष्ट्रिय संवयम्सेविका दिवसको भुक्तानी सँग संलग्न कागजात तथा प्रमाण अध्ययन गर्दा २०८१।१।१० मा १८ जनालाई ५ दिनको दरले भत्ता भुक्तानी दिएको रु.९०,०००।० तथा २०८१।१।९ मा पोलियो खोपको भत्ता वितरणको भरपाई रु.१४,४००।० संलग्न गरेकोले कार्यक्रम विपरितको प्रमाण तथा कागजात संलग्न गरी गरिएको भुक्तानी असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,०४,००० |

६६ **किसान सूचिकरण कार्यक्रमः** (२४३-२०८१-३-२२):

किसान सुचिकरण कार्यक्रम कार्यान्वियन विधि, २०७७ मा किसान सूचिकरण गर्दा गर्नुपर्ने विधि तथा खर्चको सम्वन्धमा व्यवस्था गरेको छ । उक्त विधिमा किसान सुचिकरण तथा तथ्याङ्क प्रविष्ट वापत गणकले प्रति घरधुरी १५० को दरमा पारिश्रमिक तथा इन्टरनेट वापत ५००० पाउने उल्लेख गरेको छ । पालिकाले किसान सुचिकरण कार्यक्रमबाट मसलन्द, सूचिकरण गर्ने कर्मचारीको भ्रमण खर्च, घरभाडा लगायतमा खर्च गरेको बील समावेश रु.२,४८,०००।० खर्च लेखेकोमा किसानको विवरण अनलाईन प्रविष्ट नभएकोले नियमसम्मत नभएको रु.

| | |
|---|---|
| अनियमित भएको | २,४८,००० |

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८०/८१

कार्यालय र स्थान : काइके गाउँपालिका, डोल्पा , काईके गाउँपालिका , डोल्पा

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | सम्झना पराजुली | २०८०-३-५ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | पदम बिक्रम थापा | २०७७-९-१४ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| ३,५८५,०७५.९७ | ३,६८३,९५२ | २,४६०,७८५ | ० | ० | १,२००,००० |
| **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | | | | | १०,९२९,८१२.९७ |
| **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | | | | | ० |
| **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | | | | | ० |
| **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | | | | | १०,९२९,८१२.९७ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| गत बर्षको जिम्मेवारी | | १७५१३९०१.०२ | |
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | १६५९८०६०० | चालु खर्च | १५५८२००५४.८५ |
| प्रदेश सरकारबाट अनुदान | ८८६९३००० | पूँजीगत खर्च | १६४६८२२९६ |
| राजश्व बाँडफाँट | ४१५७७७७४.५६ | वित्तीय/अन्य व्यवस्था | १२७६३२१७.०७ |
| आन्तरिक आय | १२९६६८०.० | | |
| अन्य आय | २७३५११०९.२२ | | |
| कुल आय | ३२४८९९१६३.७८ | कुल खर्च | ३३३२६५५६७.९२ |
| बाँकी मौज्दात | | ९१४७४९६.८८ | |

## अनुसूची - २

# सुझाव

स्थानीय तहद्वारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानीय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।

- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- भौतिक संरचनाहरु निर्माण गर्दा गुणस्तर आश्वस्तता योजनाले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ । मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।
- सेवाग्राही समेतको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चितता हुनुपर्दछ ।
- संघ र प्रदेशबाट प्राप्त अनुदानमध्ये खर्च नभई वर्षान्तमा बाँकी रहेको मौज्दात आर्थिक वर्ष समाप्तिपश्चात् समेत फिर्ता हुँदा खर्चमा यथार्थता नदेखिएकोले सोमा सुधार गर्नुपर्दछ ।

- आन्तरिक लेखापरीक्षण प्रतिवेदनमा उल्लिखित बेहोरा कार्यान्वयन गर्नुपर्दछ।
- पालिकामा निर्माणाधीन भौतिक संरचनाहरु समयमै निर्माण सम्पन्न गर्नुपर्दछ । पालिकामा सञ्चालित आधारभूत अस्पतालको कारोबारको लेखाङ्कन तथा प्रतिवेदन सुत्र प्रणाली बमोजिम गरी पालिकाको वित्तीय विवरणमा खुलासा गर्नुपर्दछ।